नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, साउन २२ गते २०४१ साल (संख्या १७

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालयको

सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कर्णाली अञ्चलको डोल्पा र मुगु जिल्लाको केही भाग समावेश गरी देहायबमोजिम चार किल्लाभित्रको क्षेत्रलाई शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज घोषित गरेको छ।

शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको चार किल्ला

उत्तर :– नेपाल–चीन अन्तर्राष्ट्रिय सीमाना

पूर्व :– खुङ भन्ज्याङबाट खुङ खोला हुँदै खुङ खोला र पान्जाङ खोलाको दोभान-सम्म। त्यहाँबाट पश्चिमतर्फ मोडी पान्जाङ खोला हुँदै नामजुङ खोलाको दोभानसम्म र तत्पश्चात् नामजुङ खोला हुँदै दार्जलिङ खोला पुगी, खाजिङ खोलाको शीर पुगी त्यहाँबाट जङला भन्ज्याङसम्म र त्यहाँबाट दक्षिण पहाडको चुलाचुलै हुँदै दिङला चुरीसम्म।

दक्षिण:– दिङला चुरीको पश्चिम डाँडाको टुप्पै टुप्पा हुँदै आखे खोलाको शीर समाती आखे खोलालाई लिएर आखे खोला र सुलिगढको दोभानसम्म, त्यहाँबाट सुलिगढ खोलालाई लिएर दक्षिणतर्फ हुँदै सुलिगढको र ठूलो भेरी नदीको दोभानसम्म।

३८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चिमः– सुलिगढ र ठूलो भेरी नदीको दोभानबाट सुलिगढको चौरलाई भित्र पारी त्यहाँबाट सीधा उत्तरतर्फ मोडी वेन्द्रूक लेकको ढलानलाई लिएर रसी, रूमामाथिको डाँडाको टुप्पै टुप्पा हुँदै मुक्या डाँडाको टुप्पै टुप्पा लिएर पश्चिमतर्फ मोडी ट्रेङगल पिक हिमचुली (१६,२०३) फीटको टुप्पै टुप्पा हुँदै कागमारा हिमचुलीको २०,२४६ फीटको चुचूरालाई समाती पाइले लेकको टुप्पै टुप्पा हुँदै जगवुला र गारपुङ खोलाको दोभानसम्म । त्यहाँबाट १८,६८३ फीट अग्लो माता तुम्बा, १६,७३१ फीट अग्लो बुद्‌ कुण्डारी, २२,००७ फीट अग्लो हिमचुलीको टुप्पै टुप्पा हुँदै पत्रासी हिमालाई समातेर जुम्ला र मुगु जिल्लाको सीमाना हुँदै दाभसल्ला लेक (१६,७१०) फीट समाती त्यहाँबाट उत्तरतर्फ सो लेकको टुप्पै टुप्पा हुँदै नाम्लाङ खोला समाती पश्चिमतर्फ नाम्लाङ र वेलुङ खोलाको दोभानसम्म । वेलुङ खोलालाई समाती २०,६०६ फीट अग्लो चुचूराको शीर समाती सो चुलीको टुप्पै टुप्पा हुँदै नेपाल चीन अन्तर्राष्ट्रिय सीमासम्म ।

द्रष्टव्यः– उपर्युक्त चार किल्लाभित्र पर्ने छप्का, रेनी, पुनेरदा, पुग्मा–गोम्बा, पुग्मा गाउँ, गुनाहा, रिके, मडुवा, रिग्मा, शे-गोम्बा, नाम्दोचा, नाम्दोसिवु, दुम्वार, साल्दाङ, लुरी गाउँ, नामजुङ, निसाल भिजेर टाट गाउँ, फोता गाउँ, कु गाउँ, खालारूपी, डोल्फु जस्ता बस्ती बसेका स-साना गाउँ तथा आस-पासमा चर्चेका आवादीहरूलाई राष्ट्रिय निकुञ्जको भित्री सीमाङ्कन गरी सार्विक बमोजिम खेतीपाती बसोवास गर्न दिइनेछ ।

सुविधा प्राप्त मूल बाटोहरूः– निकुञ्जभित्र स्थानीय व्यक्तिहरूले देहायबमोजिमका मूल बाटोहरू बाट आवत जावत गर्न पाउनेछन् ।

दुनै–रह–आखे खोला–छेप्का–रेजीमूल बाटो ।
रैंजी–पुग्मा–कागमारा लेक–हुरीकोट मूल बाटो ।
रैंजी–पुनेखा–गुनाहा मूल बाटो ।
पुग्मा–रिके–मुडुवा–रिग्म–शे गोम्बा मूल बाटो ।
पुग्म–पोलाप–रिग्म मूल बाटो ।
शे गोम्बा–टाट गाउँ–भिजेर–फोता गाउँ–डोल्फु जाने मूल बाटो ।
मुडुवा–वरिया भन्ज्याङ–नाम्दो–साल्दाङ–निसाल–खुङ–भन्ज्याङ जाने मूल बाटो ।
भिजेर गाउँ–कु गाउँ मूल बाटो
दुनै–खालारूपो–जलास–आखे खोला मूल बाटो ।
शे गोम्बा–साल्दाङ मूल बाटो ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।